# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल

phone: 088530261,9857825111
email: ito.musikotmun@gmail.com
webmail: info@musikotmun.gov.np


प. स. २०७७/०७८ मिति:२०७७/०४/०७
च.न.

## सुची दर्ता गर्ने सम्बन्धी सूचना
## (सूचना प्रकाशित मिति : २०७७/०४/०७)

यस कार्यालयको लागि आ.ब. २०७७/७८ मा आवश्यक पर्ने तपसिल बमोजिमका निर्माण, बस्तु, सेवा तथा परामर्श सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनिहरुबाट सूची दर्ताका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र दिन भित्र यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | विवरण | सि.नं. | विवरण |
|---|---|---|---|
| १. | मसलन्द तथा कार्यालय सामान आपुर्ति गर्ने | १८. | आइ.टि. अतर्गतका हार्डवयर र सफ्टवेयर सम्वन्धी सेवा, लाइसेन्स तथा मालसामान आपुर्ति गर्ने |
| २. | भवन निर्माण तथा मर्मत सम्भार कार्य | | |
| ३. | फलाम तथा आल्मुनियमबाट निर्मित बस्तु सम्वन्धी मर्मत तथा सम्भार कार्य | १९. | ईन्टरनेट सेवा प्रदान गर्ने |
| ४. | सानो तथा ठुलो गाडि मर्मत तथा सम्भार कार्य र मोटसाइकिल, डोजर तथा टिप्पर मर्मत सम्भार सम्वन्धि कार्य | २०. | आइ.सि.टि. तथा कम्प्युटर सम्वन्धी तालिम दिने |
| ५. | फर्निचर तथा फर्निसिङ्ग सामानहरु आपुर्ति,निर्माण तथा मर्मत सम्भार कार्य | २१. | अन्य सिपमुलक तथा क्षमता अभिवृद्धि सम्वन्धी तालिम संचालन गर्ने |
| ६. | प्लम्बिङ्ग तथा स्यानिटरी सम्वन्धी मालसामान आपुर्ति तथा मर्मत सम्भार कार्य | २२. | विद्युतीय सामाग्री मालसामान आपुर्ति तथा मर्मत सम्भार गर्ने |
| ७. | रंगरोगन सम्वन्धी कार्य | २३. | सोलार, जेनेरेटर, अनलाईन/अफलाईन यु.पि.एस. तथा अन्य व्याकअप पावर सप्लाई सम्वन्धी मालसामान आपुर्ति तथा मर्मत सम्भार गर्ने |
| ८. | भवन वगैचा सरसफाई सम्वन्धी सेवा उपल्ब्ध गराउने | | |
| ९. | फोहोर व्यवस्थापन सम्वन्धि कार्य | २४. | ल्यापट,कम्प्युटर, प्रिन्ट, मल्टिमिडिया तथा अन्य इलेक्ट्रोनिक्स मालसामानको आपुर्ति तथा मर्मत सम्भार सम्वन्धी कार्य |
| १०. | छपाई सम्वन्धी कार्य, भिडियो डकुमेन्ट्री सम्वन्धि कार्य | | |
| ११. | छपाइको लागि डिजाइन सम्वन्धी कार्य | | |
| १२. | किताव तथा अन्य प्रकाशन सम्वन्धी कार्य | २५. | प्राविधिक परामर्श सेवा प्रदान गर्ने फर्म तथा कम्पनी अन्तर्गत:<br>१. निर्माण सम्वन्धी<br>२. आई.सि.टि. सम्वन्धी |
| १३. | खेलकुद सामान आपुर्ति सम्वन्धी कार्य | | |
| १४. | वाद्यवादन तथा कला सँस्कृति झल्काउने सामान आपुर्ति सम्वन्धी कार्य | | |

नि.प्रमुख प्रशासकिय अधिकृत

phone: 088530261,9857825111
email: ito.musikotmun@gmail.com
webmail: info@musikotmun.gov.np


| | | | |
|---|---|---|---|
| १५. | शैक्षिक सामाग्री आपुर्ति सम्वन्धी कार्य | | ३. पावर सिस्टम (सोलार, जेनेरेटर, अनलाईन/अफलाईन यु.पि.एस. तथा अन्य व्याकअप पावर सप्लाई) सम्वन्धी |
| १६. | विज्ञापन तथा सूचना प्रकाशन तथा एफ एम रेडियो सम्वन्धी कार्यक्रम उत्पादन तथा प्रशारण सम्वन्धि कार्य | २६. | विभिन्न किसिमका तालिम, कानुन तथा कार्यविधि निर्माण तथा परामर्श सम्वन्धि अन्य कार्यहरु |
| १७. | बगैचा सरसफाई सम्वन्धी सेवा उपल्ब्ध गराउने | | |
| २७. औषधी तथा औषधिजन्य सामाग्री आपुर्ति सम्वन्धि कार्य | | | |

**निबेदन साथ अनिवार्य रुपमा पेश गर्नपर्ने कागजातहरु :**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नबिकरण भएको /सम्वन्धीत कार्य गर्न इजाजत प्राप्त भएको को प्रमाणित प्रतिलिपि

२. स्थायी लेखा नम्वर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३. आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**शर्त तथा अन्य जानकारी :**

१. फर्म/संस्था/कम्पनिले जुन कार्य गर्न इजाजत प्राप्त गरेको हो सोहि कार्यका लागि मात्र सुची दर्ता गराउन पर्नेछ ।

२. एक भन्दा बढि कार्यका लागि सुची दर्ता गराउन चाहनेले छुट्टाछुट्टै निबेदन दर्ता गराउनु पर्नेछ । एउटै निबेदनमा एक भन्दा बढि कार्य उल्लेख गरिएमा त्यस्तो निबेदन अमान्य हुनेछ ।

३. म्याद नाघि प्राप्त भएको, माग गरिएका कागजातहरु संलग्न नभएको वा रित नपुगेको निबेदन उपर कुनै कारवाहि गरिने छैन ।

४. सम्पर्कको लागि सम्पर्क व्यक्तिको नाम, पत्राचार गर्ने ठेगाना, मोबाइल टेलिफोन नम्बर निबेदनमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. प्राप्त निबेदनहरु सुचिकृत गर्न वा नगर्न सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

६. सुचिकृत भएकाहरुको कार्य सन्तोषजनक नभएमा सूचीबाट हटाउन सकिनेछ । यस उपर कुनै दाबि बिरोध गर्न पाइने छैन ।

७. सुचिकृत गरिएका फर्म/संस्था/कम्पनिहरुको नामावलि यस कार्यालको सूचनापाटी तथा वेबसाइट www.musikotmunrukum.gov.np मा हेर्न सकिनेछ ।

८. अनलाईन माध्यमद्वारा सुचिकृत हुन इच्छुक फर्म/संस्था/कम्पनिहरुबाट सूची दर्ताको लागि आवश्यक दस्तुर मुसिकोट नगरपालिकाको नेपाल बैकं लि. मा रहेको आन्तरीक राजश्व खाता ०७७०३००००१००१००००१ मा रु.१०००/- (अक्षरेपी एक हजार) जम्मा गरेको भौचर र माथि उल्लेखित आवश्यक कागजातसहित कार्यालयको इमेल : **ito.musikotmun@gmail.com** वा **info@musikotmun.gov.np** मा पठाउन सकिने छ ।

९. यस अनुसार तयार गरिएको सूची आ.ब. २०७७/०७८ को लागि मात्र हुनेछ ।

..................................

(नरवीर खड्का)

प्रमुख प्रशासकिय अधिकृत